

## परिचय

बोलीचालीमा बाघ, पाटेबाघ भनिने यो वन्यजन्तु बिरालो परिवारको ठूलो मांसाहारी जङ्गली जनावर हो । यसको अङ्ग्रेजी नाम रोयल बेङ्गल टाइगर *(Royal Bengal Tiger)* र वैज्ञानिक नाम प्यान्थेरा टाइग्रिस *(Panthera tigris)* हो । बाघको औसत उचाई ९०-११० सेमि हुन्छ भने पुच्छर ८५-११० सेमि हुन्छ । भाले बाघको शरीरको लम्बाई २.५-३.५ मिटर र पोथी बाघको लम्बाई २.५-२.८ मिटरसम्म हुन्छ । पहेलो गाढा रङ्गको छालामा कालो धर्का हुन्छ । प्राकृतिक अवस्थामा ८-१० वर्ष आयु, ९०-१०५ दिनको गर्भावस्था हुन्छ र एकपटकमा २-४ वटा डमरू जन्माउने गर्दछ । यसको मुख्य बासस्थान प्रशस्त पानी भएको वन, झाडी तथा घाँसेमैदान हो भने मुख्य आहार प्रजातिमा चित्तल, लगुना, रतुवा, जरायो, बदेल, दुम्सीलगायत सानादेखि ठूला जङ्गली जनावर हुन् । सामान्यतः भालेको विचरण क्षेत्र ४०-६५ वर्ग किमि र पोथी बाघको विचरण क्षेत्र १५-४० वर्ग कि.मि. रहेको हुन्छ । र, यो विचरण क्षेत्र बाघका लागि चाहिने आहारा, पानी र पोथी बाघको उपलब्धताका आधारमा हुन्छ । शान्त र लजालु स्वभावको पाटेबाघ सामान्यतः एक्लै बस्ने र साँझ र रातको समयमा बढी सक्रिय हुने गर्दछ ।

## अवस्था

संसारभर १३ राष्ट्रमा गरी जम्मा ६ प्रजातिका बाघ (रोयल बेङ्गल टाइगर, अमुर टाइगर, सुमात्रान टाइगर, मलायन टाइगर, साउथ चाइना टाइगर र इन्डो चाइना टाइगर) पाइन्छन् । ९ प्रजातिका बाघमध्ये ३ प्रजातिका बाघ सधैंका लागि लोप भएका छन् । कुनै समय लाखौंको सङ्ख्यामा रहेका बाघ हाल संसारभर करिब ४,००० को हाराहारीमा रहेको पाइन्छ । नेपालमा पाइने बाघ रोयल बेङ्गल टाइगर अर्थात् पाटेबाघ हो, यद्यपि नेपालको पहाडी भेगमा अहिले पनि चितुवालाई नै बाघ भन्ने चलन छ तर चितुवा र बाघ बिरालो परिवारका ठूला प्रजाति भए तापनि फरक हुन् । पाटेबाघ नेपाललगायत भारत, भुटान र बङ्लादेशमा पाइन्छ ।

## महत्त्व

पाटेबाघ स्थल पारिस्थिकीय प्रणालीको शीर्ष प्रजाति हो । यसको उपस्थिति भनेको स्वस्थ पर्यावरणको सूचक हो । बाघ जोगाउनु भनेको यो सँगै अन्य जनावर, जङ्गल र पारिस्थिकीय प्रणाली जोगाउनु हो । यसको संरक्षणबाट पर्यापर्यटनमा अभिवृद्धि गरी राष्ट्रिय आय एवम् जीविकोपार्जनमा सहयोग पुऱ्याउन सकिने, वैज्ञानिक अध्ययन, धार्मिक सांस्कृतिकलगायत अनेक महत्व छ ।

## संरक्षणमा मुख्य चुनौती

बाघको अवैध चोरी शिकारी एवम् अङ्गको व्यापार, बासस्थान विनास एवं खण्डीकरण, आहारा प्रजातिको बिनाश, मानव-बाघ द्वन्द्व र जनचेतनाको अभावले यो सुन्दर प्रजाति पृथ्वीबाट नै लोप हुने खतरामा छ । यसको अङ्गको महत्वका बारेमा भ्रमपूर्ण मान्यता र गलत बुझाइले यसको बढी शिकार हुने गरेको छ । यसलाई जनताको सक्रिय सहभागिताबाट न्यूनीकरण गर्नुपर्ने छ । सरकारको अलावा समुदायको सक्रिय सहभागितामा मात्र यसको संरक्षण सम्भव छ ।

## डडेल्धुरामा पाटेबाघ

सन् २०१८ को राष्ट्रिय सर्वेक्षणअनुसार नेपालमा हाल पाटेबाघको सङ्ख्या २३५ रहेको छ । सरकारले सन् २०२२ सम्म पाटेबाघको सङ्ख्या २५० पुऱ्याउने लक्ष्य लिएको छ । अहिलेसम्मको अवस्था हेर्दा सामान्यतया तराईका केही जिल्ला र त्यसमा पनि ५ वटा राष्ट्रिय निकुञ्ज र त्यसको आसपासका क्षेत्रमा (शुक्लाफाँटा, बर्दिया, बाँके, चितवन र पर्सा) मात्र पाइने भनिएको पाटेबाघ सन् २०१७ मा डडेल्धुराको जोगबुडा क्षेत्रमा पाइएको थियो भने २०७६ को फागुन-चैत्रमा डडेल्धुरा जिल्लाको महाभारत क्षेत्रमा राखिएको क्यामेरा ट्रयापिङ्गमा भागेश्वर करिडोरको २,५०० मिटरको उचाइमा समेत पाटेबाघ पाइएपछि संरक्षण क्षेत्रमा नयाँ






बहस प्रारम्भ भएको छ । यो विषय केवल डडेल्धुराका लागि मात्र नभएर हामी सबै नेपालीका लागि अत्यन्त गौरब र खुशीको विषय हो । यद्यपि नेपालका पहाडी क्षेत्रमा पाटेबाघ पाइन्थ्यो भनेर हामीले सुन्ने गरेको भए तापनि वासस्थानको बिनास आदिले लामो समयदेखि देखिएको थिएन । यसलाइ पुष्टि हुने गरी भर्खर नेपालको पूर्वी जिल्ला इलाममा ३,१६५ मिटरको उचाइमा पाटेबाघ क्यामेरामा ट्रयाप भएको छ । यसले यदि बासस्थान उपयुक्त हुने हो भने बाघ उच्च पहाडी क्षेत्रमा रहन सम्भव छ भने पुनः पुष्टि गरेको छ । सरकारी र समुदायबाट बेलैमा नै यसको संरक्षणका लागि उपयुक्त कदम चालिनु आवश्यक देखिएको छ ।

## नीतिगत एवम् कानुनी पाटो

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले बाघलाई संरक्षित जनावरको सूचीमा, IUCN Red list ले सङ्कटापन्न जनावर र CITES ले खतराजन्य जनावरको अनुसूची १ मा राखेको छ । सङ्घीय सरकार एवम् प्रदेश सरकार बाघको संरक्षणका लागि प्रतिबद्ध छ । रूसमा सन् २०१० मा सम्पन्न **'अन्तर्राष्ट्रिय बाघ सम्मेलन'**मा नेपाल सरकारले सन् २०२२ सम्म बाघको सङ्ख्या २ सय ५० पुऱ्याउने अन्तर्राष्ट्रिय प्रतिबद्धता जारी गरेको छ । सोही अनुसार बाघ संरक्षण कार्यनीति (२०१६-२०२०) बनाई अगाडि बढेको छ । बाघ संरक्षणका लागि हरेक वर्ष जुलाई २९ मा अन्तर्राष्ट्रिय रूपमा **'बाघ दिवस'** मनाइने गरिएको छ । बाघ संरक्षणका निम्ति प्रधानमन्त्रीको अध्यक्षतामा 'राष्ट्रिय बाघ संरक्षण समिति' गठन गरी देशका प्राकृतिक वासस्थानमा रहेका बाघको सङ्ख्या स्थिर वा वृद्धिका लागि प्रत्यक्ष, अप्रत्यक्ष एवम् अल्पकालीन, दीर्घकालीन संरक्षणका कार्य गरिरहेको छ । साथै बाघलगायत अन्य वन्यजन्तु संरक्षणका लागि केही जिल्लामा समुदायमा आधारित Community Based Anti-Poaching Unit (CBAPU) गठन गरिएको छ । कानुनी प्रावधानअनुसार बाघमाथिको अपराध दण्डनीय अपराध हो । राष्ट्रिय निकुञ्ज ऐन, २०२९ ले



बाघ मार्ने, घाइते बनाउने, खरिद, बिक्री गर्ने, हस्तान्तरण गरी लिने दिने तथा त्यस्तै अन्य संरक्षित जनवारको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्नेलाई ५ लाखदेखि १० लाखसम्म जरिवाना वा ५ देखि १५ वर्ष कैद वा दुवै सजाय हुन्छ ।

## बाघ-मानिसबीचको अन्तरसम्बन्ध र न्यूनीकरणको उपाय

बाघको धेरै महत्व रहँदारहँदै पनि पछिल्लो समय बाघ र मानवबीचको द्वन्द्वमा बढोत्तरी हुँदै गएको छ । यो हामी सबैका लागि चिन्ताको विषय हो, जसको कारण मानवमाथि बाघको आक्रमण, गाईवस्तु क्षति र यदाकदा मानवीय क्षति समेत हुने गरेको छ । परिणामस्वरूप मानवबाट बाघलाई क्षति पुर्‍याउने, यदाकदा बाघले मारेको आहारामा विषादी हाल्ने र बाघको प्रतिशोधपूर्ण मृत्यु (Retaliatory Killing) हुने गरेको छ । पछिल्लो समय देशभरिमा बाघ-मानव द्वन्द्वका घटनामा बढोत्तरी भएको छ । डडेल्धुरा जिल्लाको भागेश्वर गाउँपलिकामा भर्खरै २ जना बालबालिकालाई चितुवाले मारेको छ भने केही पालिकामा घरपालुवा जनावर मारेर खाएको खबर प्राप्त भएको छ । यो अत्यन्त दुखद् पक्ष हो । योबाट बचाउनु हामी सबैको दायित्व हो । यसका लागि मानव र जनावरबीचको सहअस्तित्वको सिद्धान्त अपनाउनु जरूरी छ ।

## बाघले आक्रमण गर्न सक्ने अवस्था

बाघ लजालु स्वभावको जनावर हो र सामन्यतया आफू असुरक्षित भएको अनुभूति नभएसम्म मानिसमाथि आक्रमण गरिहाल्दैन । तर निम्न अवस्थामा आक्रमण गर्ने अधिक सम्भावना हुन्छ :

- बच्चा हुर्काइरहेको अवस्थामा ।
- घाइते र बिमारी वा बुढो भई शिकार गर्न नसक्ने अवस्थामा ।
- पोथीले बच्चा लुकाएको, सुतेको वा आराम गरेको स्थानमा अचानक पुगेमा ।
- एक-आपसमा बाघ झगडा गरिरहँदा मान्छे पुगेमा ।
- जङ्गलमा बाघको आहारा प्रजाति कम भएमा वा वासस्थान विनाश भएमा वा पानी उपलब्ध नभएमा ।
- शिकार गर्न लागेको वा शिकार खान लागेको वा भाले लागेको अवस्थामा ।
- जङ्गलमा एक्लै हिंड्दा बाघसँग जम्काभेट भएमा ।
- बाघ घाइते छ भने यसले आक्रमण गर्ने सम्भावना धेरै हुन्छ ।



## बाघको आक्रमणबाट बच्ने उपाय

- जङ्गलमा एक्लै, दुक्लै नजाने, जानै परेमा उज्यालो भएपछि मात्र जाने ।
- जङ्गलमा बाघ देख्यो भने नजिक नजाने र नजिस्क्याउने ।
- जङ्गलमा हिंड्दा बाघको पाइला देखियो भने नयाँ हो कि पुरानो छुट्याउने, नयाँ हो भने छरितो र चनाखो भएर हिंड्ने साथै बाघको पिसाब वा शरीरको गन्ध याद गर्ने र सतर्क हुने ।
- बाघको पञ्जा हेर्दा पञ्जाको आकृति बिग्रेको छ, छैन हेर्ने र बिग्रेको छ भने त्यो बाघ घाइते हो र यसले आक्रमण गर्ने धेरै सम्भावना हुन्छ ।
- बाघ सुतेको अवस्था, शिकार गर्न लागेको अवस्था, शिकार बच्चालाई खुवाउन वा खान खोजिरहेको अवस्थामा हल्ला नगर्ने वा बाधा नगर्ने ।
- अचानक बाघसँग जम्काभेट भएमा भाग्न सक्ने अवस्था भए बाघको आँखामा आफ्नो आँखा जुधाई पछि हट्ने, रूख चढ्ने ।
- जङ्गलमा हिंड्दा जनावरको सङ्केत जस्तैः बाँदर, चितल, चराचुरूङ्गी अनौठो किसिमले कराई नजिकमा बाघ भएको सङ्केत दिन्छ, त्यस्तो अवस्थामा आफू सतर्क हुने ।



- बाघले मान्छे आक्रमण गरेको थाहा पाउनेबित्तिकै यो खबर सबैसँग गाउँमा तथा नजिकको सुरक्षा निकाय वा वन कार्यालयमा तुरून्त खबर गर्ने ।
- घरपालुवा जनावरलाई सुरक्षित र बलियो खोरमा राख्ने ।
- घरवरिपरी झाडी बुट्यान हटाउने, साँझपखका लागि प्रशस्त उज्यालोको व्यवस्था गर्ने ।

अन्त्यमा

यो धर्तीमा जति हाम्रो अधिकार छ, बाघलगायत अन्य जनावरको पनि त्यतिकै बाँच्ने अधिकार छ । तसर्थ, मानिस र बाघको सहअस्तित्वको सम्बन्ध नै आजको प्रमुख आवश्यकता हो । तर यो जनावर मानिसको लोभ र अबुझका कारण दिनदिनै सङ्कटग्रस्त हुँदै गएको छ । यसको संरक्षण जनताको पूर्ण सहभागिताबाट मात्र सम्भव छ । बाघलगायत प्रकृतिका अनुपम उपहारलाई हामीले उचित व्यवस्थापन गर्न सकेनौँ, लोप हुनबाट जोगाउन सकेनौँ भने आउँदो पुस्ताले हाम्रो अदूरदर्शिता र हेलचेक्र्याइँका लागि हामीलाई कहिल्यै क्षमा गर्ने छैन । तसर्थ, हामी सबै मिली यसको संरक्षणमा हातेमाले गरौँ । तस्विर स्रोत : गुगलडटकम

**बाघ प्रकृतिको अमूल्य उपहार हो, आजैबाट यसको संरक्षण गरौं !**



# मानव-बाघ अन्तरसम्बन्ध

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**
फोन नं. ०९६-४२०१४५
Email : dfodadeldhura096@gmail.com
website : dfodadeldhura.gov.np